यो व्यवस्थित बाइबल पढाइ योजना फेरि एकपटक तपाईहरूमा सुम्पन पाउनु हाम्रो आनन्द र अवसर हो । एक क्योलण्डर वर्षमा धर्मशास्त्रको सम्पूर्ण भाग समेट्ने किसिमले तपाईलाई सहयोग गर्न यसको ढाँचा बनाइएको छ, जुन अभ्यास हाम्रा केहि अति प्रसिद्ध धर्मि पूर्वजहरूद्वारा कदर गरिएको थियो । यो अनुशासनले पवित्र शास्त्रमा तपाईंको ज्ञानलाई अझै बढावा दिएको होओस भन्ने चाहना हाम्रो छ ।

एउटाको जीवनको आत्मिक अभाव र उजाडताको लागि धेरै कारणहरू दिइन्छन् तर शायद सबभन्दा आधारभूत समस्या चाहिँ अनुग्रहका साधनहरूको वेवास्ता हो ; प्रमुख रूपमा बाइबलको पढाइ र मननको परित्याग । एकातर्फ म सहमत हुन्छु कि यो समस्या धेरै हदसम्म जानाजानी गरिने बेवास्ता भन्दा पनि अनुशासनको हो, तैपनि आत्मालाई पर्ने हानी र क्षति चाहिँ त्यहि नै हो । परमेश्वरको वचन प्रतिको पहुँच र प्रयोग मा बेहोशी र अव्यवस्थित स्वाभावले जीवनप्रति जति अनादर गर्दछ त्यति अरु केहिले पनि गर्दैन ।

यस बाइबल पढ्ने योजना प्रस्तुत गर्नुको मुख्य उद्देश्यचाहिँ पुरा बाइबल एक क्यालेण्डर वर्षको समयमा क्रमिक रूपमा पढी सिध्याउने सुविधा दिनको लागि हो ; यो चाहिँ दैनिक धर्मशास्त्रको पढाइको श्रद्धापूर्ण अभ्यासमा अनुशासन कायम गर्न सहयोग दिनको लागि हो । जब तपाईंहरूले यस योजनालाई पालन गर्ने प्रयास गर्नुहुन्छ, तपाईंहरूलाई पापको बलियो किल्लाको अवगत हुनेछ जसले तपाईंको दैनिक बाइबल पढ्ने उत्कृष्ट संकल्पलाई बन्धनमा पार्दछ र रुकावट गर्छ। त्यसपछि हामीले अवरोधको शक्ति सक्रियतामा भएको अनुभव गर्दछौं जब यस आत्मिक अभ्यासलाई दिइनुपर्ने प्राथमिकता दिन खोज्छौं । तैपनि हाम्रो आत्माको स्वास्थ्य र आत्मिक पोषण, विशेषगरी हामीले अनुग्रहका माध्यमहरू, खासगरी बाइबलको पढाइलाई कुन तवरमा उपयोग गर्छौं, त्यसमा बढि निर्भर रहँदछ। हामीले समयलाई बचाउनुपर्छ र यसलाई अनन्तको लागि गनिने बनाउनु पर्छ, तर हाय ! वास्तविकता त यस्तो छ कि धेरैले त बाइबल पढ्ने कुरालाई दैनिक आवश्यकता बनाउँदैनन् । महामान्य पिता अचूब परमेश्वर-को वचनको बारेमा भन्छन् : “मैले उहाँको मुखका वचनहरूलाई



मेरो आवश्यक भोजनभन्दा बढी मूल्यवान् ठानेको छु” ( अचूब २३:१२ख) । दैनिक धर्मशास्त्रमा आनन्द लिने अनुशासन स्थापित गर्नु हामीलाई कति आवश्यक छ । म जान्दछु ती पास्टरहरू जो पुरानो नियमको धर्मशास्त्र प्रचार गर्ने सम्भावना देखि तर्सिन्छन् ; तब उनीहरूको मातहतमा रहेको समूहको हालत के होला ? एकै छिनको लागि डिस्पेन्सेस्नल त्रुटि लाई विचार गर्नुहोस् जो तिनीहरूको धर्मतत्व(**theological**) सिद्धान्तमा तिनीहरूले यसरी सुनिश्चीत गर्छन् : “आधारभूत शिक्षा (उनीहरूको मण्डलीहरूको) :... (५) यसका व्यवस्थाहरू र शिक्षाहरू : नयाँ नियम अनि त्यो मात्र” (द ट्रेइल अफ ब्लड :- शताब्दीऔं देखिका खीष्टियानहरूलाई पछ्याँउदैं – अथवा, खीष्टको समय देखिको बप्तिस्ट मण्डलीहरूको इतिहास, यस दिनसम्म उनीहरूका संस्थापक, जे.एम. क्यारोलद्वारा, १९३१) । म बाइबल कलेजका विद्यार्थीहरूलाई चिन्दछु जो धर्मशास्त्रका प्राथमिक सत्यताहरूमा स्पष्टरूपले अनभिज्ञ छन् र पनि तिनीहरूको धर्मतत्व (**theological**) पाठ्यक्रममा हिब्रु र ग्रीक भाषाहरूमा प्रवीणता बटुल्न प्रयास गर्छन् । बाइबल सेमिनारीहरूका प्राचार्यहरूलाई (**doctors**) जान्दछु जसले बाइबल परमेश्वरको वचन हो भन्नेसम्म खासै विश्वास गर्दै नन् । निश्चय नै केवल पवित्रशास्त्र पढ्ने अभ्यासको परित्याग बाट नै अविश्वासको जरा उत्पन्न हुँदछ । साँच्चै नै अन्तिम दिनहरू आइपुगेका छन् र संकटपूर्ण समयहरू फैलिएका छन्, पावलले भने जस्तै मानिसहरू जब “परमेश्वरलाई भन्दा बरु मोजमज्जालाई प्रेम गर्ने” (२ तिमोथी ३:४ख) हुनेछन् । तर हामी पावलले तिमोथीलाई सुम्पिएको अद्भूत अनि पक्का ओखती बिर्सन चाहन्नौं ताकि त्यस समयको खीष्टीयान जगतमा भएको पथभ्रष्टीय धर्मपतनको डर लाग्दो ठण्डीमा उनको हृदय चिस्सीदैं नगएका होओस् : “तर दुष्ट मानिसहरू र बहकाउनेहरू धोका दिँदैं र धोका खाँदैं झन्-झन् खराब हुँदै जानेछन्” (२ तिमोथी ३:१३) । त्यसैले, त्यस्तो घातक अनि आत्मिक रोग जतातते फैलिएको समयमा पावलको उपचार विधि के छ ? “तर तिमीचाहिँ यी कुराहरू कसबाट सिकेका हौ, सो जानेर आफूले सिकेका र निश्चय भएका कुराहरूमा लागिबस; अनि तिमीले बालककालदेखि नै पवित्र शास्त्रहरू जानेका छौ ; जसले तिमीलाई, खीष्ट येशूमा भएको विश्वासद्वारा मुक्तिका निम्ति बुद्धिमान् तुल्याउन सक्छन् । सबै पवित्रशास्त्र परमेश्वरको



प्रेरणाद्वारा दिइएको हो, अनि शिक्षाका निम्ति, भूलदोष देखाउनका निम्ति, सुधारका निम्ति, धार्मिकताको सम्बन्धमा तालिमका निम्ति लाभदायक हुन्छ; जसद्वारा परमेश्वरको जन हरेक असल कामका निम्ति पूर्ण रूपले सुसज्जित भई सिद्ध होओस्” (२ तिमोथी ३:१४-१७) । सम्झीनुहोस् कि तिमोथीलाई निरन्तर रूपमा पवित्रशास्त्रमा आफू लागिरहे भनेर बताउँदा, पावलले सबै पवित्रशास्त्र (सम्पूर्ण पवित्रशास्त्र) लाई इङ्गित गरेका थिए । ती दिनहरूमा नयाँ नीयमले पूर्णता पाएर स्थापित हुन बाँकि नै थियो, जसकारण त्यहाँ कमै शंका रहन्छ कि पावलले विशेष गरेर पुरानो नीयमलाई नै देखाइरहेका थिए ।जसले धर्मशास्त्रलाई विस्तृतरूपमा पढ्ने अनुशासन बनाउँछ, आखिरीमा हाम्रा प्रथम मातापिताको गिरावटको आरोपणको प्रभावहरू अनि उसको जीवनमा आफ्नो पापको शक्ति पत्ता लगाउनेछ । उसलाई परमेश्वरत्वको आशिषीत व्यक्तित्वहरूको असिमित पूर्णताको गुणहरुको बढ्दो चेतना हुनेछ । अनि उसले येशू खीष्ट, जो परमेश्वर आफैले आफ्ना जनहरूका लागि उपलब्ध गराउनुभएको पूर्ण बलि हुनुहुन्छ, उहाँको व्यक्तित्वमा मध्यस्थता, जमानत र उद्धारको अवसरलाई गहिरो रूपमा सराहना गर्नेछ । त्यसपछि, परमेश्वको अनुग्रहद्वारा, येशू खीष्टको अनमोल रगतमा चाह गर्नको लागि आफैमा प्रमाणित गर्न ऊ प्रोत्साहित हुनेछ । अनि उसले खीष्टमा (एफिसी १:३) आत्मिक अवसरहरू र अनुग्रहको आनन्द लिने प्रयत्न गर्नेछ । यी सबै कुराहरूको लागि, ऊसँग धर्मशास्त्र छ जसले जाने बाटोको पक्का मार्गदर्शन अनि उसको वर्तमान अवस्थाको आश्वासन दिलाउन उसको ज्योति र कम्पास (दिशा देखाउने यन्त्र) को रूपमा सेवा गर्दछ । “तपाईंको वचन मेरा पाउहरूका निम्ति बत्ती, र मेरो बाटोका निम्ति ज्योति हो (भजन ११९:१०५) ।

आहा, जब हामी धर्मशास्त्रमा लिप्त हुन्छौं कस्तो आनन्दले हामीलाई पर्खिन्छ । मलाई थाहा छ कतिपयले धर्मशास्त्रमा समय बिताउनुको बदलामा धार्मिक पुस्तकहरूमा आफूहरूलाई व्यस्त बनाउँछन् । दुःखलाग्दो कुरा, प्यापेसी (पोपहरूको संजाल) को धूर्तपूर्ण सिद्धान्त, जसले उसका पछ्याउनेहरूलाई धर्मशास्त्रमा लागिपर्न देखि निरुत्साह गर्दछ । कुनैपनि कुराले धर्मशास्त्रको वचनको प्राथमिकताको स्थान लिनुहुँदैंन । कसरी हामी धर्मशास्त्रको

मनन गर्न सक्छौं यदि पहिले ठाउँमा यसलाई पढ्दै पढेनौ भनें ?

नजिकैको खीष्टीयन पुस्तक भण्डारमा जानुहोस् अनि यो धेरै सम्भावना छ कि बेच्नको लागि असल आत्मिक सामाग्रीहरूको अभावमा तपाईं तर्सित हुनुहुनेछ। पुस्तक पसलको मालिकले अर्थशास्त्रको नियम 'आपुर्तिले मागको पुरा गर्नुपर्छ' भन्ने कुरालाई राम्रैसँग बखान गर्ला । तर दुःखलाग्दो कुरा यसले ग्राहकको चाहनालाई प्रष्ट्याउँछ। यदि बाइबलको यसरी समग्रमा बेवास्ता र इन्कार गरिन्छ भने कसरी त्यहाँ आत्मिक भोख र तिर्खा हुनसक्छ ? यदि बाइबल पढ्ने बानी चाहिँ मनस्थिति वा मानविय सनक वा संसारका कामहरूलाई दिएर बचेको समयको प्राप्यता ले निर्धारण गर्दछ भने कसरी त्यहाँ आत्मिक चाहनाहरू र प्रभावहरूको पालनपोषण हुनसक्दछ ?

मेरो प्यारा मित्रहरू, एउटा कुरा आवश्यक छ। जसरी हाम्रो प्रभु येशू खीष्टले नरमसँग मार्थालाई चेतावनी दिनुभएको थियो, हामी पनि यस संसारका कुराहरूमा अल्झिनु हुँदैंन । येशूको पाउमुनि रहेर उहाँका वचनहरू मरियमले जस्तै गरि सुन्नुचाहिँ आवश्यक त्यो एउटा कुरा हो (लुका १०:४२) । हामी हाम्रो प्रभुको बिर्सन नसकिने वचनहरू फेरि विचार गरौं "जुन वचनहरू म तिमीहरूलाई भन्दछु, ती आत्मा हुन् र ती जीवन हुन्" (यूहन्ना ६:६३ख) । यस कुरालाई अनुभवात्मक रूपमा हाम्रा आफ्ना जीवनहरूमा सत्य सावित गर्ने काम हामीमा बाँकि रहन्छ । किनकि धर्मशास्त्रको मननले अव्यक्त आनन्द ल्याउँदछ जब यो विश्वास र मेहनतमा गरिन्छ । पवित्रशास्त्रमा रहनुभन्दा ठूलो प्रभुमा पर्खने अर्को व्यवहारिक तरिका कुनै पनि छैन । "जसले दिनहुँ मेरा मूलढोकाहरूमा जागो रही मेरा ढोकाहरूका खाँबाहरूनेर प्रतिक्षा गर्दै मेरो कुरा सुन्छ, त्यो मानिस धन्य हो । किनभने जसले मलाई भेट्टाउँछ उसले जीवन पाउँछ र परमप्रभुबाट कृपा प्राप्त गर्नेछ" (हितोपदेश ८:३४,३५) । त्यो मानिस जसले परमेश्वरका ढोकाहरूका खाँबाहरूनेर प्रतिक्षा गर्छ त, बाइबल विश्वास र आकांक्षामा पढेर नै गर्दछ। यस्तो पवित्र आदतको अति महत्वतालाई सराहना गरेपछि र शरिरमा गरिएको केवल संकल्पले यसलाई पालना गर्न कति कठिन छ भन्ने जानेपछि, कुनैपनि कुरा जसले यस पवित्र अनुशासनलाई बढावा दिन्छ भने त्यसको



स्वागत गर्नुपर्दछ। यदि तपाईंहरूले अरु स्विकारयोग्य योजना सोही उद्देश्यको लागि अँगालीसक्नु भएको छैन भने हामी तपाईंहरू माफ यस योजनालाई सुम्पिन पाउँदा खुशी छौं ।

म चाहन्छु कि नयाँ वर्षको अन्त्यमा, परमेश्वरले अनुग्रही भएर तपाईंलाई प्रदान गर्नुभएको आत्मिक स्रोतहरू र अवसर हरूलाई लत्याएर तपाईं पछुतोमा पर्नुहुने छैन । किनकि खर्चिलो व्यक्तिको बारेमा यसो भनिएको छ कि उसले "विलासी जीवन बिताएर आफ्नो सम्पत्ति उडायो... सबै खर्च गरेको थियो" (लूका १५:१३ख,१४क) । यसकारण हामीलाई उहाँको वचनसँग आफूहरू घनिष्ठपूर्वक चिनिन हामीलाई करुणा दिनुभएको होओस् भनि हाम्रो प्रभु येशू खीष्टको सर्वशक्तिमान् परमेश्वर अनि पितासँग विन्ती गर्नु अति आवश्यक छ । यो सङ्कल्प हरेक असल दान र प्रत्येक सिद्ध दान दिने परमेश्वर पितामा उत्सुकतापूर्वक सुम्पिएको होओस् (याकूब १:१७) । किनकि जब दया स्वरूप यो दिइन्छ, प्राय: सबै बाँकी कुराहरूले उचित स्थान पाउँदछन् । त्यसैले म उपाय दिन्छु कि तपाईंहरूले यस खोजीलाई तपाईंको जीवनमा पूरा गर्ने उद्देश्यका लागि एक विशेष अनि व्यक्तिगत प्रार्थनाको रूपमा एक्रोस्टिक (वर्णाक्रमानुसार शुरु भएका) भजन ११९ को प्रयोग गर्नुहोला। असल प्रभुले यस सबैभन्दा बढि आवश्यक विषयमा तपाईंलाई उत्तर दिन खुशी हुनुभएको होओस् । तपाईंहरूको जीवनमा प्रभु येशू खीष्टको अनुग्रह प्रभावपूर्ण भएको होओस्। तपाईंको पृथ्वीको यात्री-जीवनका बाँकी दिनहरूमा तपाई विश्वासद्वारा यात्रा गर्ने क्रममा परमेश्वरको वचनको धेरै शक्तिको स्वाद चाख्नुभएको होओस् ।

The Westminster Tradition
FOR THE ADVANCEMENT OF THE REFORMED FAITH
विश्वभर प्रकाशित गर्दै अनि परमेश्वरको सम्पूर्ण सल्लाहलाई घोषणा गर्न पछि नहट्दै

© 2011 Elijah Thomas Chacko
प्रतिलिपि अधिकार

अनुवादक इलिएजर पाण्डेय
Translated by Eliezer Pandey


यस प्रकाशनको कुनैपनि भाग फेरबदल, मेट्न वा बंग्याउन मिल्नेछैन । अरु धेरै प्रतिहरूको निम्ति, कृपया यसमा पठाउनुहोस् : westminster.tradition@gmail.com

प्रथम संस्करण : ३१ डिसेम्बर एडि १९९५
दोस्रो संस्करण : १ डिसेम्बर एडि २०११



# एउटा पवित्र अनुशासनको प्रस्तुती

## -आशिषको अनन्त इनाम र आनन्दित बालीको प्राप्तीको लागि एक महत्वपूर्ण आवश्यकता




**एक क्यालेण्डर वर्षमा यसलाई क्रमबद्धरूपमा मिल्दो भाग लगाइ बाइबल पढेर सिध्याउने सुविधा दिनको लागि एउटा व्यवस्थित योजना**

इलाइजा थोमस च्याकु
ELIJAH THOMAS CHACKO